IEMIS CODE : 400440009 NEB CODE : 40070 SEE CODE : 41063 PHONE NO. :9867749193

# श्री शिवालय माध्यमिक विद्यालय

# SHREE SHIVALAYA SECONDARY SCHOOL

रूपा गाउँपालिका-२, थुम्की, कास्की

Rupa Rural Municipality-2, Thumki, Kaski

स्थापित : वि. सं. २०१७ (Estd. 2017 B.S.)

प.स. /Letter No.२०८३ /०८४

च. नं./Ref. No. : ९७

मिति/Date:२०८३ /०६ / ०५

श्री सम्बन्धित सबै ।

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस श्री शिवालय माध्यमिक विद्यालयमा निम्न माध्यमिक तह , तृतीय श्रेणी , विज्ञान विषयको शिक्षक दरबन्दी १ (एक) रिक्त रहेको हुँदा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०६/०५ गते बसेको बैठकको निर्णय बमोजिम उक्त रिक्त पदमा सरुवा प्रक्रियाबाट पदपूर्ति गर्नुपर्ने भएकोले निम्न माध्यमिक तह , तृतीय श्रेणी विज्ञान विषयको स्थायी दरबन्दीमा कार्यरत तथा सरुवाका लागि योग्यता पुगेका इच्छुक शिक्षकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०८३/०६/०५ देखि २०८३ / ०६ / १९ गते सम्म ) कार्यालय समय भित्र निवेदन दिन शिक्षा नियमावली २०५९ ( दशौं संशोधन २०८३) नियम २५ को सरुवा सम्बन्धि व्यवस्था बमोजिम सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु :**

१. सरुवाका लागि हस्तलिखित निवेदन ।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

३. आफ्नो सेवा अवधि खुल्ने कागजात ।

४. स्थायी नियुक्तिपत्रको प्रतिलिपि ।

५. शैक्षिक योग्यता र तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि ।

६. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात ।

७. असाधारण तथा वेतलवी बिदा लिए/नलिएको सम्बन्धी कागजात ।

८. कार्यरत विद्यालयको सहमति पत्र ।

९. सम्बन्धित स्थानीय तहको सहमति पत्र ।

१०. शिक्षा नियमावली २०५९ ( दशौं संशोधन २०८३) को अनुसूची १७ बमोजिमको फारम ।

११. शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३ ) बमोजिम प्राथमिकता दाबी गर्ने प्रमाण र कागजात ।

निवेदन दिने अन्तिम मिति २०८३/०६/१९ गते विद्यालय समय भित्र ।

- उक्त अवधि भित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली २०५९ को ( दशौं संशोधन २०८३ ) तथा प्रचलित कानुन बमोजिम मुल्याङ्कन गरि आवश्यक प्रक्रिया अगाडी बढाइने छ । म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारबाही हुने छैन ।
- निवेदन इमेल मार्फत पनि दिन सकिने छ । [ shivalayaschool2017@gmail.com ]
- सम्पर्क नं. ९८६७७४९१९३ ( प्रधानाध्यापक )

नोट : यस रिक्त दरबन्दीमा जिल्लान्तर सरुवा नहुने जानकारी गराइन्छ ।

बोधार्थ :

१. श्री शिक्षा विकास तथा समन्वय एकाइ , कास्की ( जानकारी तथा वेबसाइटमा यो सुचना प्रकाशित गरिदिनुहुन )

२. श्री शिक्षा युवा तथा खेलकुद शाखा , रुपा गाउँपालिका , कास्की ( जानकारी तथा यो सुचना वेबसाइटमा प्रकाशित गरिदिनुहुन )

३. श्री रुपा गाउँपालिका वडा नं. २ को कार्यलय , कास्की ( जानकारीका लागि )

बुद्धिराम विश्वकर्मा
प्रधानाध्यापक

प्रधानाध्यापक